महाभारत गाउँपालिका

स्थानीय राजपत्र

खण्ड: ४ संख्या: १५ मितिः २०७८।०२।२१

# भाग –२

# महाभारत गाउँपालिका शिक्षा ऐन २०७७ को दफा १४(२) बमोजिम गठित शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको "करारमा शिक्षक तथा विद्यालय कर्मचारी छनौट छनौट सम्बन्धी कार्यविधि २०७८"

**प्रस्तावनाः** महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७ को दफा १४(२) गठित शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले गर्ने कार्यप्रक्रियालाई कानूनसम्मत, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई शिक्षक तथा विद्यालय कर्मचारीको पदमा निष्पक्ष रूपमा योग्य र दक्ष जनशक्ति पदपुर्ति गरी शैक्षिक गुणस्तर कायम राख्न र पदपुर्तिको कार्य प्रक्रियामा हुने खर्चमा समेत आर्थिक सुशासन कायम गर्न वाञ्छनीय भएकाले शिक्षा ऐन २०७७ को दफा ३३ बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम “करारमा शिक्षक तथा विद्यालय कर्मचारी छनौट छनौट सम्बन्धी कार्यविधि २०७८” रहेको छ।

२) pयो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-

१) "अध्यक्ष" भन्नाले शिक्षक छनौट समितिको अध्यक्ष सम्झनु पर्छ।

२) “कार्यपालिका” भन्नाले महाभारत गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

महाभारत गाउँपालिका राजपत्र

३) “कार्यविधि” भन्नाले “करारमा शिक्षक तथा विद्यालय कर्मचारी छनौट छनौट सम्बन्धी कार्यविधि २०७८” सम्झनु पर्छ।

४) “गाउँपालिका” भन्नाले काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिका सम्झनु पर्छ।

५) “गाउँ शिक्षा समिति” भन्नाले महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७ को दफा ९(१) बमोजिम गठित गाउँ शिक्षा समिति सम्झनु पर्छ।

६) "परीक्षा" भन्नाले शिक्षक वा विद्यालय कर्मचारी छनौट परीक्षा सम्झनु पर्छ।

७) "परीक्षा केन्द्र" भन्नाले शिक्षक वा विद्यालय कर्मचारी छनौट परीक्षा हुने परीक्षा केन्द्र सम्झनु पर्छ।

८) "सेसन" भन्नाले एक घण्टा तीस मिनेटको समयावधि सम्झनु पर्छ।

९) “शिक्षा ऐन” भन्नाले महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७ सम्झनु पर्छ।

१०) “शिक्षा शाखा” भन्नाले महाभारत गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्छ।

११) "संघीय शिक्षा ऐन" भन्नाले संघिय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ।

१२) “सदस्य” भन्नाले करारमा शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

१३) “सदस्य-सचिव” भन्नाले शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको सदस्य-सचिव सम्झनु पर्छ।

१४) "समिति" भन्नाले महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७को दफा १४(२) बमोजिम गठित शिक्षक तथा विद्यालय कर्मचारी छनौट समिति सम्झनुपर्छ ।

१५) "विशेषज्ञ" भन्नाले आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) सम्म शिक्षक छनौट परीक्षा सञ्चालनको लागि गाउँपालिकाबाट सूचीकृत भएका विशेषज्ञहरु सम्झनु पर्छ।

३. **शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको काम, कर्तव्य र अधिकारः** शिक्षा ऐनमा लेखिएदेखि बाहेक शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

१) शिक्षा समितिले सिर्जना गरेको गाउँ शिक्षकको दरबन्दीमा शिक्षक विज्ञापन गरी पदपुर्ती गर्ने।

२) नेपाल सरकारबाट स्विकृत शिक्षक दरबन्दी, स्विकृत राहत शिक्षक अनुदान कोटा र विद्यालय कर्मचारी रिक्त भएको र विद्यालय व्यवस्थापन समितिबाट तत्तत्

महाभारत गाउँपालिका राजपत्र

पदहरुमा पदपुर्ती गाउँपालिकाबाट गरिदिनु भनी निर्णय भई आएमा तत् सम्बन्धी आवश्यक कार्य गर्ने।

३) कुनै कारणवस विज्ञापनमा त्रुटी हुन गएमा सो त्रुटी समयमै सच्याउने।

४) नियमानुसार विज्ञापन गरी परीक्षा सञ्चालन गर्ने गराउने र परीक्षामा सफल उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्ने।

**४. शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको कार्यालयः**

१) शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको कार्यालय शिक्षा शाखामा रहनेछ।

२) शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको कार्यालयको व्यवस्थापन शिक्षा शाखाले गर्नेछ।

**५. शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको बैठकः** शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

**६. शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको बैठकमा आमन्त्रित सदस्य सम्बन्धी व्यवस्थाः**

१) विषयविज्ञमा सूचीकृत विज्ञहरु, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखाका अधिकृत र शिक्षा शाखाका प्राविधिक सहायक बाहेक अन्य व्यक्ति वा कर्मचारीलाई शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा बोलाइए तापनि अन्तर्वार्ताको सदस्यको रूपमा बोलाइने छैन।

**७. करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्थाः**

१) विद्यालयले शिक्षकको पद रिक्त भएको ७ दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित पद रिक्त हुनाको कारण खुलाइ गाउँपालिकासँग करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति र पदपुर्तीको लागि अनुमति माग गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिमको शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति र पदपुर्तीको लागि अनुमति माग भएमा शिक्षा ऐनको दफा १४(२) बमोजिमको शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले माग भएको पदमा यस कार्यविधि बमोजिम पदपुर्ती गर्नेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षा ऐनको दफा १४(२) बमोजिमको शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले सम्बन्धित विद्यालयलाई नै शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति र पदपुर्ती गर्ने अनुमति प्रदान गर्न सक्नेछ।

महाभारत गाउँपालिका राजपत्र

४) उपदफा (३) बमोजिम गाउँपालिकाबाट अनुमति प्राप्त भए पश्चात करार शिक्षक नियुक्तिका लागि विद्यालयले १५ दिनको सार्वजनीक सूचना प्रकाशन गर्नु पर्नेछ। विद्यालयले प्राप्त निवेदनहरुमध्ये शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिमा समावेश भएका उम्मेदवारहरु भएमा विद्यालय व्यवस्थापन समितिले बढीमा एक वर्षका लागि करारमा शिक्षक नियुक्ति गर्नुपर्ने छ ।तर त्यस्तो सूचीमा समावेश उम्मेदवार नभएमा संघिय शिक्षा ऐन बमोजिमको शिक्षक छनोट समिति गठन गरी आवश्यक प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गाउँपालिकाबाटै पदपुर्ती गरिदिनु भनी गरेको निर्णयसहितको निवेदन गाउँपालिकामा पेश हुन आएमा शिक्षा ऐनको दफा १४(२) बमोजिमको शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले पदपुर्ती सम्बन्धी कार्य प्रक्रिया गर्नेछ।

८. **विज्ञापन प्रक्रियाः** शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले विज्ञापन गर्दा देहायको प्रक्रियाका आधारमा गर्नेछ-

१) कार्यविधिको दफा ७(५) बमोजिमको निवेदन प्राप्त भए पश्चात यथाशिघ्र सामान्य दस्तुरसहितको दरखास्तको अवधि १५ दिनमा नघट्ने गरी विज्ञापन गरिनेछ। साथै दफा ७(२) को हकमा पनि यस उपदफाको प्रतिबन्धात्मक वाक्यांश लागू हुनेछ।

२) उपदफा (१) बमोजिमको दरखास्तको समयावधि समाप्त भएको दोस्रो दिनदेखि एक हप्तासम्मको दोब्बर दस्तुरसहितको दरखास्त समयावधि हुनेछ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्टसम्म दरखास्त दिने समयावधि हुनेछ।

३) विज्ञापनमा शिक्षक सेवा आयोगद्वारा सूचीकृत करार सूचीका उम्मेदवारका लागि दरखास्त समयावधि सुरूको ५ दिनमा नघट्ने गरी तोकिनेछ।

४) पदपुर्तीको सूचना प्रदेशस्तरको वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुका साथै गाउँपालिकाको वेबसाइट, सम्बन्धित विद्यालयको सूचना पाटीमा टाँस गर्ने तथा अन्य माध्यमबाट समेत प्रकाशन गरी सोको मुचुल्का समावेश गर्नुपर्नेछ।

९. **विज्ञापनमा समावेश गरिनु पर्नेः** शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले विज्ञापन गर्दा देहायको बुँदाहरु स्पष्टरूपमा उल्लेख हुनुपर्नेछ-

१) विज्ञापन नम्बर र मिति,

२) दरखास्त दिने समयावधि र माध्यम,

महाभारत गाउँपालिका राजपत्र

३) सम्वन्धित विद्यालयको नाम र विज्ञापित पद संख्या,

४) उम्मेदवारको योग्यता, तालिम र उमेरको हद

५) पेश गर्नुपर्ने आवश्यक कागजातहरु,

६) परीक्षाको किसिम र परीक्षाको पाठ्यक्रम,

७) परीक्षा सञ्चालन मिति र नतिजा प्रकाशन,

८) परीक्षा केन्द्र

९) तलब तथा सेवा सुविधा ।

१०. **आवेदन कार्य प्रक्रियाः** शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले विज्ञापन गर्दा देहायको आधारमा आवेदन माग गर्नु पर्नेछ-

१) विज्ञापनमा उल्लेख भए बमोजिमको माध्यमबाट दरखास्त दिनु पर्नेछ।

२) आवेदन दस्तुर देहाय बमोजिम हुनेछ-

क) आधारभूत तह (कक्षा १-५) को पदको लागि रू एक हजार मात्र

ख) आधारभूत तह (कक्षा ६-८) को पदको लागि रू एक हजार पाँच सय मात्र

ग) माध्यमिक तह (कक्षा ९-१२) को पदको लागि रू दुई हजार मात्र।

घ) विद्यालय कर्मचारी पदको लागि रू पाँच सय मात्र।

३) उपदफा (१) बमोजिमको प्रत्येक उम्मेदवारले पेश गरेको दरखास्त गाउँपालिकामा दर्ता गरिने छ।

४) शिक्षक पदमा दरखास्त दिने उम्मेदवारले शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले तोकेको दरखास्तको माध्यमबाट आफ्नो शैक्षिक योग्यता, तालिम, अध्यापन अनुमतिपत्र र नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ।

५) रितपुर्वक प्राप्त दरखास्तमा मात्र आवश्यक कारबाही हुनेछ।

११. **उम्मेदवारको योग्यता र तालिमः**

१) नेपाल सरकारबाट स्विकृत शिक्षक दरबन्दी र स्विकृत राहत अनुदानकोटामा करार शिक्षक पदको उम्मेदवारको योग्यता र तालिम शिक्षक सेवा आयोग नियमावली २०५९ (संशोधन सहित) ले तोकेबमोजिम हुनेछ।

२) विद्यालय कर्मचारीको योग्यता र तालिम तोकिएबमोजिम हुनेछ।

३) बालविकास सहजकर्ताको योग्यता शिक्षक सेवा आयोग नियमावली २०५९ (संशोधन सहित) ले तोकेबमोजिम हुनेछ सो व्यवस्था नभएसम्म शिक्षा शास्त्र संकायमा प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा तालिम प्राप्त गरेको।

महाभारत गाउँपालिका राजपत्र

४) गाउँ शिक्षक पदको लागि उम्मेदवारको योग्यता र तालिम तोकिए बमोजिम हुनेछ।

१२. **परीक्षाको किसिमः** शिक्षक सेवा आयोगले तोकेबमोजिम परीक्षाको किसिम देहाय बमोजिम हुनेछ-

१) लिखित

२) मौखिक

३) आवश्यकता अनुसार प्रयोगात्मक

**१३. लिखित परीक्षा सम्बन्धी व्यवस्थाः**

१) शिक्षक सेवा आयोगले निर्धारण गरेको खुला स्थायी पदपुर्तीको सम्बन्धित तहको पाठ्यक्रमका आधारमा परीक्षा सञ्चालन गरिने छ।

२) लिखित परीक्षाको प्रश्नपत्रको पूर्णाङ्क र उत्तीर्णाङ्क शिक्षक सेवा आयोगले निर्धारण गरेको खुला स्थायी पदपुर्तीको सम्बन्धित तह बमोजिम हुनेछ।

३) लिखित परीक्षाका चरणहरुः शिक्षक पदको लिखित परीक्षा देहाय बमोजिम हुनेछ-

क) प्रारम्भिक चरणको परीक्षामा उत्तीर्ण सबै उम्मदवारलाई द्धितिय चरणको परीक्षामा समावेश गराइने छ।

ख) द्धितिय चरणको परीक्षामा उत्तीर्ण सबै परीक्षार्थीहरुले प्राप्त गरेको अंकमा तत् तत् परीक्षार्थीहरुले प्रारम्भिक चरणको परीक्षामा प्राप्त गरेको अंकको पचास प्रतिशत अंक जोडजम्मा गरिनेछ। उक्त अंक नै लिखित परीक्षाको अंक मानिनेछ।

४) उपदफा (३) को खण्ड (ख) बमोजिम गणना गरिएको अंकमा क्रमशः उच्चतम अंक प्राप्त गरेका देखि तुलनात्मक रूपमा कम अंक प्राप्त गरेका परीक्षार्थीहरू क्रमागत सूचीबद्ध गरिनेछ।

५) उपदफा (४) बमोजिमको सूचीबाट विज्ञापित संख्यालाई १००% मानी माथिल्लो अंक प्राप्त गरेका १२०% उम्मेदवारको नामावलीसहितको लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ तर १२०% नतिजामा न्यूनतम अंक हासिल गरेका परीक्षार्थीसंग उपदफा (४) बमोजिमको सूचीमा बाँकी रहेको परीक्षार्थीको अंक बराबर भएमा त्यस्तो अंक हासिल गरेका सबै परीक्षार्थीहरुको नामावलीसहितको लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

६) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएदेखि बाहेक अन्य कुनै पनि अवस्थामा १२०% भन्दा बढीको संख्यामा लिखित परीक्षामा सफल उम्मेदवारको नामावलीसहितको लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछैन।

महाभारत गाउँपालिका राजपत्र

७) उपदफा (५) बमोजिमको संख्यामा लिखित परीक्षामा सफल उम्मेदवारको नामावलीसहितको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा उम्मेदवारको नामको नेपाली वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ।

८) उपदफा (५) बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता हुने मिति, समय स्थानसमेत प्रकाशन गर्नु पर्नेछ।

९) विद्यालय कर्मचारी पदको लिखित परीक्षा तोकिएबमोजिम हुनेछ।

१४. **उत्तरपुस्तिका परीक्षण:** उत्तरपुस्तिका परीक्षण देहायबमोजिम हुनेछ-

१) उत्तरपुस्तिका परीक्षण विज्ञसूचीमा सूचीकृत विज्ञले मात्र गर्न पाउनेछन्।

२) उत्तरपुस्तिका परीक्षणकार्य सुरू हुनुपूर्व सदस्य सचिवको रहोवरमा उत्तरपुस्तिकाको कोडिङ गरिनेछ।

३) उत्तरपुस्तिका कोडिङ गरिसकेपछि मात्र विज्ञलाई परीक्षण गर्न दिइनेछ।

४) उत्तरपुस्तिका परीक्षण विज्ञले विकास गरेको उत्तर कुन्जिका (विषयगत र वस्तुगत दुवै प्रश्नपत्र) को आधारमा मात्र गरिनेछ।

५) उत्तरपुस्तिका परीक्षण शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले तोकेको स्थानमा मात्र गरिनेछ।

**१५. अन्तर्वार्ता सम्बन्धी व्यवस्था:**

१) अन्तर्वार्ताको अंकभार शिक्षक सेवा आयोगले निर्धारण गरेको खुला स्थायी पदपुर्तीको सम्बन्धित तहको अन्तर्वार्ताको अंकभार सरह हुनेछ। यसका साथै अन्तर्वार्ताको अंक विभाजन समेत सोही आधारमा हुनेछ।

२) अन्तर्वार्ता लिनका लागि शिक्षा ऐनको दफा १४(२) बमोजिमको शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिका अध्यक्षको अध्यक्षतामा सोही समितिले गर्नेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षा ऐनको दफा १४(२) को खण्ड (क) र खण्ड (ख) बमोजिमको सदस्यको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन गर्न सकिनेछ।

४) उपदफा (३) बमोजिम गठन हुने अन्तर्वार्ता समितिमा आधारभूत तहको हकमा सम्बन्धित तह र विषयको २ जना विज्ञ र शिक्षा प्रमुख वा निजले तोकेको शिक्षा शाखाका १ जना अधिकृत वा शिक्षा शाखाका प्राविधिक सहायक गरी अध्यक्षसहितको ५ सदस्यीयसम्मको अन्तर्वार्ता समिति गठन गरिनेछ। तर माध्यमिक तहको हकमा <u>कम्तीमा ३ जना सम्बन्धित तह र विषयको विज्ञ</u> र शिक्षा प्रमुख वा

महाभारत गाउँपालिका राजपत्र

निजले तोकेको शिक्षा शाखाका १ जना अधिकृत गरी अध्यक्षसहितको ५ सदस्यीय अन्तर्वार्ता समिति गठन गरिनेछ।

५) उपदफा (४) बमोजिमको अन्तर्वार्ता समितिको सदस्य सचिवमा शिक्षा प्रमुख वा निजले तोकेको अन्तर्वार्ता समितिको लागि तोकेको शिक्षा शाखाका अधिकृत वा शिक्षा शाखाका प्राविधिक सहायक रहनेछन।

६) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा उल्लेख भए तापनि सम्बन्धित तह र विषयको विज्ञ उपलब्ध नभएको अवस्थामा २ जनासम्म सम्बन्धित तह र विषयको विज्ञ भए पनि अन्तर्वार्ता सञ्चालन गर्न सकिनेछ।

७) अन्तर्वार्तामा सम्मलित उम्मेदवारले निजको शैक्षिक योग्यता र शिक्षण अनुभव वापत प्राप्त गर्ने अंकको प्रमाणीकरण अन्तर्वार्ता समितिको सदस्य सचिवले गर्नेछ।

८) प्रत्येक अन्तर्वार्ताकारले अनुसूची २ मा तोकिएको ढाँचामा अन्तर्वार्तामा सम्मलित प्रत्येक उम्मेदवारको मूल्यांकन पश्चात सो मूल्यांकन पत्र खामबन्दि गरी राख्नु पर्नेछ।

९) उपदफा (८) बमोजिमको प्रत्येक अन्तर्वार्ताकारले पेश गरेको खामबन्दी अन्तर्वार्ता समितिको सदस्य सचिवको रहोवरमा अन्तर्वार्ता समितिमा रहेका विज्ञले खोल्नेछन् र सबै अंक जोडजम्मा गरी औसत अंक निकालिनेछ।

१०) उपदफा (९) बमोजिमको औसत अंक र उपदफा (७) बमोजिम उम्मेदवारले प्राप्त गरेको अंकको जोडफल नै निजले अन्तर्वार्तामा प्राप्त गरेको अंक मानिनेछ।

**१६. अन्तिम नतिजा प्रकाशन, सिफारिस र नियुक्तिः**

१) अन्तर्वार्तामा सम्मलित उम्मेदवारको मात्र अन्तिम नतिजा प्रकाशन गरिनेछ।

२) लिखित परीक्षाको अंक र अन्तर्वार्तामा प्राप्त गरेको अंकको जोडफलबाट प्राप्त अंक नै निजले प्राप्त गरेको अंक मानिनेछ र क्रमशः उच्चतम अंक हासिल गरेका देखि तुलनात्मक रूपमा तल्लो अंक हासिल गरेका उम्मेदवारहरुको नामावली सिलसिलेवार ढंगले सफल उम्मेदवारको सूचीमा मागसंख्यालाई मध्यनजर गर्दै अन्तिम नतिजा प्रकाशन गरिनेछ।

३) सफल उम्मेदवारको सूचीमा नपरी बाँकी रहेका अन्तर्वार्तामा सम्मलित उम्मेदवारले प्राप्त गरेको उच्चतम अंक देखि तुलनात्मक रूपमा तल्लो अंक प्राप्त गरेका माग संख्याको लगभग १०% संख्यामा रहेको बैकल्पिक उम्मेदवार सूची तयार गरी बैकल्पिक उम्मेदवार सूची समेत अन्तिम नतिजा प्रकाशनसंगै प्रकाशन गरिनेछ ।

महाभारत गाउँपालिका राजपत्र

४) शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले परीक्षामा सफल उम्मेदवारलाई निजले अन्तर्वार्ता अगावै तय गरेको प्राथमिकीरणका विद्यालयमा सिफारिस गर्नेछ।

५) उपदफा (४) बमोजिम सिफारिस भई विद्यालयमा आएका उम्मेदवारलाई सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा विद्यालयले नियुक्ति प्रदान गरी विद्यालयमा हाजिरी गराउनु पर्नेछ। विद्यालयले सिफारिस भई विद्यालयमा आएका उम्मेदवारलाई बढीमा ७ दिनभित्र नियुक्ति प्रदान गरी हाजिरी गराएको व्यहोराको जानकारी तोकिएको आधारमा शिक्षा शाखालाई दिनु पर्नेछ।

६) सिफारिस भएको मुख्य उम्मेदवारले नियुक्तिपत्र बुझेको १५ दिनभित्र विद्यालयमा हाजिर नभएमा शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले वैकल्पिक सूचीका उम्मेदवारलाई सिफारिस गरी पठाउनेछ।

७) उपदफा (५) नियुक्ति लिई विद्यालयमा हाजिरी भएका शिक्षकले नियुक्तिको मितिले तीन महिनाभित्र कुनै कारणवश पदमुक्त भएमा समेत समितिले वैकल्पिक सूचीका उम्मेदवारलाई सिफारिस गरी पठाउनेछ।

८) उपदफा (६) र (७) बमोजिम सिफारिस भई आएका उम्मेदवारलाई सम्बन्धित विद्यालयले उपदफा (५) बमोजिम नै नियुक्ति प्रदान गरी विद्यालयमा हाजिरी गराउनु पर्नेछ र सोही बमोजिमको जानकारी तोकिएको आधारमा शिक्षा शाखालाई दिनु पर्नेछ।

९) यस दफाबमोजिम करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पद पूर्ति नभएमा स्थायी पद पूर्ति नभएसम्मका लागि एक पटकमा एक वर्षमा नबढाई सम्बन्धित विद्यालय व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्ने छ ।

१०) विद्यालयले सिफारिस गरिएको उम्मेदवारलाई नियुक्ति प्रदान र हाजिरी गराइसकेपछि सोको जानकारी, र शिक्षा शाखाले तोकेको ढाँचाको विवरण ७ दिनभित्र शिक्षा शाखामा पठाउनु पर्नेछ र सोको अभिलेखीकरण शिक्षा शाखाले गर्नु पर्नेछ।

११) शिक्षा शाखाले आवश्यक कागजात र शिक्षा विकास तथा समन्वय ईकाइले तोकेको अभिलेखीकरण दस्तुरसहित अभिलेखीकरणको लागि शिक्षा विकास तथा समन्वय ईकाइमा पठाउनु पर्नेछ।

**१७. विज्ञ सम्बन्धी व्यवस्थाः**

महाभारत गाउँपालिका राजपत्र

१) शिक्षा ऐनको दफा १४(२) खण्ड (ग) बमोजिमको विज्ञको छनोट गाउँपालिकाबाट देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाले प्रत्येक वर्ष चैत्र मसान्तभित्र विषय विज्ञहरुको सूची अद्यावधिक गर्नेछ। तर पहिलो पटकको लागि भने यो कार्यविधि पारित भएको एक महिना भित्र विज्ञहरुको सूची तय गरिनेछ।

ख) विषय विज्ञको सूचीमा सूचिकृत हुनको लागि इच्छुक व्यक्तिले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्बन्धित तह तथा विषयको दुई दुई थान उत्तर कुञ्जिका सहितको प्रश्नपत्र गाउँपालिकामा बुझाउनु पर्नेछ।

ग) सूचिकृत विषयविज्ञहरु शिक्षक भए सम्बन्धित विद्यालयको विज्ञापनमा विषयविज्ञको रुपमा मनोनित हुन पाइने छैन।

घ) शिक्षकका पेशागत संघ संगठनका पदाधिकारीहरु (अध्यक्ष, सचिव र कोषाध्यक्ष) ले विज्ञ हुन पाइने छैन।

***स्पष्टीकरणः*** यस खण्डको प्रयोजनार्थ संघ संगठन भन्नाले स्थानीय, प्रादेशिक र केन्द्रिय सबै किसिमका संघ संगठन बुझिन्छ।

ङ) कुनै विषयको विज्ञ गाउँपालिका भित्रबाट ४ जना भन्दा कम मात्र उपलब्ध भएमा अन्यत्रबाट पनि विज्ञ लिएर कार्य सम्पादन गर्न सकिनेछ ।

२) शिक्षा ऐनको दफा १४(२) खण्ड (ग) बमोजिमको विषय विज्ञको योग्यता देहाय बमोजिम हुनेछः

क) माध्यमिक तह तृतीय श्रेणीको शिक्षक छनौटका लागि कम्तिमा स्नातकोत्तर (जुनसुकै शङ्कायमा) गरी शिक्षा शास्त्रमा स्नातक (एक वर्षे वीएड वा माध्यमिक तहको शिक्षकको १० महिने सेवाकालिन तालिम समेत) र आधारभूत तहको हकमा कम्तिमा स्नातक गरी शिक्षा शास्त्र शङ्कायमा स्नातक वा माध्यमिक तहको शिक्षकको दश महिने सेवाकालिन तालिम वा एक वर्षे वीएड उत्तीर्ण भएको हुनुपर्ने।

ख) विशेषज्ञ हुन चाहेको कार्यरत शिक्षकको हकमा सम्बन्धित तहमा कम्तिमा २ वर्षको शिक्षण अनुभव (स्थायी र अस्थायीसमेत गरी) भै कम्तिमा १ वर्षको स्थायी सेवा अवधि पूरा भएको हुनुपर्ने ।

ग) विशेषज्ञ हुन चाहेको अवकाश प्राप्त शिक्षकको हकमा माध्यमिक तहमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरी अवकाश भएको।

महाभारत गाउँपालिका राजपत्र

घ) शिक्षा सेवामा कम्तिमा अधिकृत तहमा २ वर्षदेखि स्थायी सेवामा कार्यरत कर्मचारी वा ४ वर्ष स्थायी सेवा गरी सेवा निवृत्त कर्मचारी।

ङ) विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा कम्तिमा ३ वर्ष सेवा गरेका कार्यरत वा सेवा निवृत्त अध्यापक।

३) शिक्षा ऐनको दफा १४(२) खण्ड (ग) बमोजिमको विषय विज्ञसूचीकृतको लागि देहाय बमोजिमको आवेदन दस्तुर लाग्नेछ-

क) आधारभूत तहको विज्ञमा सूचीकृतको लागि रू पाँच सय मात्र

ख) माध्यमिक तह (कक्षा ९-१२) को पदको लागि रू सात सय मात्र।

४) शिक्षा ऐनको दफा १४(२) खण्ड (ग) बमोजिमको मनोनित सदस्यको पदावधि सो छनोट कार्य पुरा नहुँदासम्म रहने छ।

५) शिक्षा शाखाले शिक्षा ऐनको दफा १४(२) खण्ड (ग) बमोजिमको लागि विज्ञहरूको सूची तयार गरी राख्नु पर्नेछ। सो सूची प्रत्येक वर्ष अद्यावधिक गरिने छ।

६) विज्ञसूचीमा सूचीकृत भएका विज्ञ सूचीकृत भएको सूचना प्रकाशनको मितिले २ वर्षको अवधिको लागि विज्ञसूचीमा रहेछन् तर निज पुनः सूचीकृत हुन पाउनेछन।

७) शिक्षा शाखाले विज्ञसूचीमा सूचीकृत भएका विज्ञहरुको लागि आवश्यकता अनुसार गोष्ठी, कार्यशाला तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

८) विज्ञसूचीमा सूचीकृत विज्ञहरुका लागि आचार संहिता देहाय बमोजिम हुनेछ-

क) प्रश्नपत्र निमार्ण गर्दा त्रुटिरहित, विश्वसनिय र वैध प्रश्न निमार्ण गर्ने।

ख) प्रश्नपत्रको गोपनियता कायम राख्ने।

**१८. प्रश्नपत्र निर्माण:**

१) परीक्षा सञ्चालन हुनुभन्दा बढीमा ४ घण्टा अगाडिमात्र शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको सदस्य सचिवको रहोवरमा शिक्षा ऐनको दफा १४(२) खण्ड (ग) बमोजिमको लागि विज्ञहरूको छनौट गरिनेछ। तर गाउँपालिका भन्दा बाहिरबाट विज्ञ बोलाउनु परेमा परीक्षासुरू हुने समय भन्दा एक दिन अगाडिमात्र गोप्य तरिकाले आमन्त्रण गरिनेछ।

२) उपदफा (१)को प्रतिबन्धात्मक वाक्यांशमा उललेख भएबमोजिम विज्ञको व्यवस्थापन गर्दा विज्ञहरुलाई संचालन हुने परीक्षाका लागि आवश्यक प्रश्न निर्माण सम्बन्धी प्रारम्भिक छलफलका लागि बढीमा दुईसेशनको समय दिइनेछ ।

महाभारत गाउँपालिका राजपत्र

३) प्रारम्भिक परीक्षाको प्रश्नपत्र निर्माणको लागि बढीमा दुईसेशनको समय हुनेछ र सहभागी विज्ञले एक/एक सेट प्रश्नपत्र र सोही सेटको उत्तरकुन्जिकासंगै तयार गर्नु पर्नेछ ।

४) विषयगत परीक्षाको प्रश्नपत्र निर्माणको लागि बढीमा दुईसेशनको समय हुनेछ र सहभागी विज्ञले दुई/दुई सेट प्रश्नपत्र र सोही सेटको उत्तरकुन्जिकासंगै तयार गर्नु पर्नेछ ।

५) दफा १९ बमोजिमको प्रश्नबैंकको विकास भएको अवस्थामा उपदफा (२), (३) र (४) मा तोकिएको समयको आधा समयमात्र निर्धारण गरिनेछ र दफा १९ बमोजिमको प्रश्नबैंकको पहुँच उपदफा (१) बमोजिम छनौट भएका विज्ञलाई शिक्षा शाखाले उपलब्ध गराउनेछ र शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको सदस्य सचिवको रहोवरमा तत्तत् विज्ञहरुद्वारा ३ सेट प्रश्नपत्र निर्माण गर्न लगाइनेछ। प्रश्नपत्र निर्माण गर्दा उत्तरकुन्जिका पनि सम्बन्धित विज्ञले प्रश्नपत्र निर्माण गर्दा नै तयार गर्नु पर्नेछ।

६) कच्चा प्रश्न विकास गर्दा निर्माण गर्ने विज्ञलाई प्रतिप्रश्नपत्र दुईहजार रूपैयाँ पारिश्रमिक दिइनेछ ।तर यस गाउँपालिका वा अन्य गाउँ/नगरपालिका वा प्रदेश र नेपाल सरकारबाट सूचीकृत नभएको विज्ञलाई भने पारिश्रमिक दिइने छैन्।

७) उपदफा (२) बमोजिमको प्रश्नपत्र निर्माण गोप्य रूपमा गोप्य कोठामा गरिनेछ र गोप्य कोठाबाट प्रश्नपत्र परीक्षा सुरू हुने समय भन्दा १० मिनेट अगाडिमात्र परीक्षा केन्द्रमा पठाइनेछ।

८) प्रश्न निर्माणमा संलग्न विज्ञहरूले परीक्षासमयसम्म गोप्य कोठामा बसी कच्चाप्रश्नपत्र निर्माण गर्नुपर्नेछ ।प्रारम्भिक परीक्षाको समयमा गोप्यकोठामा बसी सोहि विषयको कम्तिमा एक सेट प्रश्नपत्र निर्माण गरेमा एक सेशन बराबरको र विषयगत परीक्षाको हकमा तीन सेट (Soft copy) तयार गरेको हकमा दुई सेशन बराबरको पारिश्रमिक दिइनेछ ।

९) उपदफा (८) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि स्थानीय विज्ञको हकमा परीक्षा सुरू भएको एक घण्टापछि निजहरू आफ्नो गन्तव्यतिर लाग्न सक्नेछन् साथै उपदफा (८) बमोजिमको पारिश्रमिक गणना गरिने छैन् ।

१०) यस दफामा उल्लेख भएको प्राविधिक सेशनमा प्रति सेशन दुईहजारका दरले पारिश्रमिक दिइनेछ र सो पारिश्रमिकमा नियमानुसार करकट्टी गरिनेछ ।

**१९. प्रश्नबैंक सम्बन्धी व्यवस्थाः**



महाभारत गाउँपालिका राजपत्र

१) करारमा, राहत अनुदानमा, गाउँ शिक्षक र विद्यालय कर्मचारीको परीक्षाको लागि आवश्यक पर्ने प्रश्नको लागि एक प्रश्नबैंक रहनेछ र प्रश्नबैंकमा विज्ञद्वारा निर्मित प्रश्नमात्र संग्रह गरिनेछ।

२) विज्ञ सूचीकृतको आवेदनका साथ प्राप्त प्रश्नपत्रको सेटलाई सुरक्षित तरीकाले प्रश्नबैंकको रूपमा अभिलेखीकरण गरिनेछ।

३) दफा १६(७) उल्लेख भए बमोजिमको कार्यक्रम मार्फत समयसमयमा विज्ञबाट प्रश्नपत्र विकास गर्न लगाइने छ र ती प्रश्नपत्र प्रश्नबैंकमा सुरक्षित रूपमा संग्रह गरिनेछ। यसरी प्रश्नपत्र विकास गर्दा विज्ञलाई दफा २०(३) बमोजिमको पारिश्रमिक दिइनेछ।

४) प्रश्नबैंकलाई सुरक्षित बनाउने कार्य शिक्षा शाखाले गर्नु पर्नेछ।

५) समय समयमा प्रश्नबैंकमा रहेका प्रश्नसेटलाई विज्ञको समुहले परिमार्जन गर्ने र सोही बमोजिम अद्यावधिक गरिनेछ।

**२०. शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिका पदाधिकारीहरुको पारिश्रमिक र बैठक भत्ताः**

१) शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिका कुल सदस्य बाहेक सो संख्याको बढीमा पचास प्रतिशतले हुन आउने आमन्त्रित सदस्य वा कर्मचारीलाई मात्र बैठक भत्ता उपलब्ध गराइनेछ।

२) शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिका पदाधिकारीहरुले देहाय बमोजिम प्रतिव्यक्ति बैठक भत्ता पाउने छन्-

क) अध्यक्षको अध्यक्षतामा हुने बैठकमा प्रति बैठक रू एकहजार पाँच सय,

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक व्यक्तिले एक दिनमा शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको एक बैठकको मात्र बैठक भत्ता लिन पाउनेछ।

४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय समयमा बसेको बैठकको बैठक भत्ता उपलब्ध गराइने छैन्।

५) बैठक भत्तामा नियमानुसारको कर कट्टी हुनेछ।

६) बैठकमा सहभागी व्यक्तिहरुको पानी तथा खाजा खर्च वापत बढीमा प्रतिव्यक्ति दुई सय पचास रूपैयाँसम्म खर्च गर्न सकिनेछ।

महाभारत गाउँपालिका राजपत्र

७) शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको बैठकमा सहभागीहरुले संघीय र प्रादेशिक कानूनमा तोकिएको अवस्थामा सोही बमोजिम र नतोकिएको अवस्थामा मात्र यस दफा बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

८) शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिको बैठकमा कुनै विषयमा कार्यपत्र प्रस्तुत गर्दा कार्यपत्र प्रस्तुतकर्ताले प्रति सेशन कार्यपत्र तयारीको एक हजार र कार्यपत्र प्रस्तुतिको दुई हजार पारिश्रमिक पाउनेछ।तर दुई सेशनको भन्दा बढीको पारिश्रमिक पाउन विशेष कारण हुनुपर्नेछ।

९) दफा १४ बमोजिमको अन्तर्वार्ता समितिका सदस्यहरूले देहाय बमोजिमको पारिश्रमिक पाउनेछन्-

क) आधारभूत तहको शिक्षक पदको हकमा प्रति सेसन रु.एक हजार दुई सय।

ख) माध्यमिक तहको शिक्षक पदको हकमा प्रति सेसन रु.एकहजार छ सय ।

ग) अन्य कर्मचारी पदको छनौटमा प्रति सेसन रु. सात सय मात्र।

**२१. परीक्षा सञ्चालन र परीक्षा केन्द्र खर्चः**

१) प्रारम्भिक परीक्षामा आधुनिक प्रविधि (OMR) को प्रयोग गर्ने व्यवस्था गर्नुपर्नेछ र विषयगत परीक्षामा Point Scoring System प्रयोग गर्ने व्यवस्था गर्नुपर्नेछ ।

२) परीक्षा सञ्चालन गर्दाको खर्चको मापदण्ड देहाय बमोजिमको हुनेछ-

क) उत्तरपुस्तिका र प्रश्नपत्र छपाई गर्दा सकभर न्युन खर्चिलो हुनेगरी व्यवस्थापन गर्नुपर्नेछ।

ख) केन्द्राध्यक्ष/निरीक्षकको पारिश्रमिकः प्रति व्यक्ति एक हजार रूपैयाँ।

ग) केन्द्र सहयोगीः प्रति केन्द्र दुई जनाको लागि एकहजार रूपैयाँ।

घ) खाजा र पानी खर्चः परीक्षा केन्द्रमा खटिएका सुरक्षाकर्मी, समितिका पदाधिकारी विज्ञ, निरिक्षक/ केन्द्राध्यक्ष, अनुगमनकर्ताको प्रति व्यक्ति बढीमा दुई सय पचास रूपैयाँ तर दोहोरोहुने गरी खर्च गरिने छैन् ।

ङ) शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिका सदस्यहरुले परीक्षा केन्द्र अनुगमन गर्दा तोकिए बमोजिमको भ्रमण भत्ता पाउनेछन्।तर भ्रमण भत्ता नपाउने अवस्थामा बैठक भत्ता सरहको सुविधा पाउनेछन्।

च) खाना खर्चः प्रति खाना चार सय रूपैयाँ सम्म तर समितिका पदाधिकारी, परीक्षामा खटिएका सुरक्षाकर्मी, विज्ञ, निरिक्षक/ केन्द्राध्यक्ष, अनुगमनकर्ताको लागि मात्र खानाको व्यवस्था गरिनेछ।

महाभारत गाउँपालिका राजपत्र

छ) विज्ञ र निरिक्षक/ केन्द्राध्यक्षको बसाइ व्यवस्थापनः प्रतिदिन एकहजार रूपैयाँ ।

ज) विज्ञ र निरिक्षक/ केन्द्राध्यक्षको आवतजावतको लागि यातायातको व्यवस्थापन गाउँपालिकाले गर्नुपर्नेछ ।

३) परीक्षा संचालनमा सुरक्षा

क) परीक्षा मर्यादित रूपले संचालनार्थ सुरक्षाकर्मीको व्यवस्था गरिनेछ ।

ख) सुरक्षाकर्मीले परीक्षाको समयावधिभर परीक्षा केन्द्र, समितिका पदाधिकारी, विज्ञ, निरिक्षक/ केन्द्राध्यक्ष, अनुगमनकर्तालाई सुरक्षा दिनु पर्नेछ ।

ग) दुईवटासम्म परीक्षाकेन्द्र भएमा प्रतिदिन छ हजारको दरले सुरक्षाकर्मी व्यवस्थापनको लागि प्रहरी कार्यालयलाई सुरक्षाकर्मी भत्ता उपलब्ध गराइने छ । तर सो रकममा नियमानुसार करकट्टी गरिनेछ ।

घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षार्थी संख्या पचास भन्दा कम भइ एक मात्र परीक्षाकेन्द्र भएको अवस्थामा भने प्रतिदिन चार हजारको दरले सुरक्षाकर्मी व्यवस्थापनको लागि प्रहरी कार्यालयलाई सुरक्षाकर्मी भत्ता उपलब्ध गराइने छ ।

ङ) दुईवटाभन्दा बढी परीक्षाकेन्द्र भएमा खण्ड (ग)मा उल्लेख भए बमोजिमको अनुपातमा सुरक्षाकर्मी व्यवस्थापनको लागि प्रहरी कार्यालयलाई सुरक्षाकर्मी भत्ता उपलब्ध गराइने छ ।

४) परीक्षा सञ्चालन हुने केन्द्रमा हुने खर्चको मापदण्ड देहाय बमोजिमको हुनेछ-

क) केन्द्र खर्चः प्रति केन्द्र पाँच हजार रूपैयाँसम्म।

तर दुई सय जना भन्दा बढी परीक्षार्थी भएमा मात्र एक भन्दा बढी परीक्षा केन्द्र तोकिनेछ।

५) उत्तरपुस्तिका परीक्षण गर्दा परीक्षकलाई प्रति उत्तरपुस्तिका पचास रूपैयाँ पारिश्रमिक प्रदान गरिने छ।

६) प्रारम्भिक प्रश्नपत्र टाइप र कि सेटिङः एक हजार रूपैयाँ (question type Verbal and Non-verbal IQ, Type I and Type II questions, Dual language questions and Four Set management) ।

७) मुल प्रश्नपत्र र सोको उत्तरकुन्जिका टाइपः

क) नेपाली भाषामाः प्रति पेज तीस रूपैयाँ (Font size 14)

ख) अंग्रेजी भाषामाः प्रति पेज बीस रूपैयाँ (Font size 12)

८) उत्तरपुस्तिका व्यवस्थापन तथा कोडिङ र कम्प्युटराइज वापत प्रति उत्तरपुस्तिका पच्चिस रूपैयाँसम्म खर्च गर्न सकिनेछ।

९) तालिमको व्यवस्था गर्न सकिने: उपदफा (१ग) बमोजिम परीक्षामा खटिने केन्द्राध्यक्ष/निरीक्षकको लागि परिक्षा सञ्चालन सम्बन्धी शिक्षा शाखाले अभिमुखीकरण तालिम सञ्चालन गर्न सक्नेछ।

१०) प्रतिवेदन लेखन: परीक्षा कार्यक्रममा संलग्न शिक्षाशाखामा कार्यरत कर्मचारीले प्रतिवेदनको तयारी गरी प्रतिवेदकले समितिको बैठक र गाउँ शिक्षा समितिको बैठकमा प्रस्तुत गर्नु पर्नेछ । प्रतिवेदन लेखन र प्रस्तुतिको पारिश्रमिक पाँचहजार रूपैयाँ हुनेछ । प्रतिवेदनमा देहायका विषयवस्तु समेटिएको हुनुपर्दछ-

क) परीक्षा संचालनका गतिविधि

ख) परीक्षा खर्च

ग) समितिको बैठकसंख्या

घ) परीक्षा संचालन प्रक्रिया ।

११) दफा २० र २१ बमोजिमका कार्यमा कार्यपालिकाले अन्य व्यवस्था गरेमा सोही बमोजिम र नगरेकोमा शाखाले सम्पादन गर्ने शिक्षा कार्यशाला, शेसन, कार्यप्रस्तुतिकरण र कार्यक्रम संचालनमा समेत लागू हुनेछ ।

२२. **संशोधन**: कार्यपालिकाले कार्यविधिमा आवश्यकतानुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

२३. **व्याख्या र लागू नहुने**:

१) व्याख्या: यस कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

२) लागू नहुने: कार्यविधिको दफा १६(११), गाउँ शिक्षकको हकमा लागू हुने छैन्।

आज्ञाले,
हरि सिंह विष्ट
प्रमुख प्रशासकीय अधिकृत

महाभारत गाउँपालिका राजपत्र